नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
# सहकारी विभाग
नयाँ बानेश्वर, काठमाडौं

फोन : ४४६५३६२, ४४६११७७
इमेल: sahakaribivag@gmail.com
वेबसाइट : www.deoc.gov.np

पत्र संख्या :- ०७८/७९
चलानी नं.:- ९३४८

मिति : २०७९।०२।१२

श्री राष्ट्रिय सहकारी महासंघ लिमिटेड, ललितपुर ।
श्री विषयगत केन्द्रीय सहकारी संघहरु, सबै ।
श्री राष्ट्रिय सहकारी बैंक लिमिटेड, ललितपुर ।
श्री विशिष्टिकृत सहकारी संघ लिमिटेड, सबै ।
श्री प्रदेश सहकारी संघहरु, सबै ।
श्री जिल्ला सहकारी संघ लिमिटेड, सबै ।
श्री प्रारम्भिक सहकारी संस्थाहरु, सबै ।

**विषय: सहकारी संघसंस्थामा सुशासन प्रवर्द्धनको लागि एकीकृत निर्देशन, २०७९ जारी गरिएको सम्बन्धमा ।**

सहकारी ऐन, २०७४, सहकारी नियमावली, २०७५ तथा यस विभागबाट जारी भएका सहकारी निर्देशन/निर्देशिका/कार्यविधि बमोजिम सहकारी संघ/संस्थाहरुको अनुगमन एवं निरीक्षण, विभिन्न निकाय तथा विभागमा परेका उजुरी तथा निवेदनहरुको अध्ययनको आधारमा केही सहकारी संघसंस्थाहरुमा कानूनको पूर्ण परिपालनाको अवस्था कमजोर रहेको देखिन्छ ।

सहकारी ऐन, नियममा भएका व्यवस्थाको परिपालना गर्न गराउनको लागि सहकारी संघसंस्थाहरुबाट प्राप्त राय सुझाव, छलफल एवं बैठकसमेतको आधारमा सहकारीका स्थापित मूल्य, मान्यता र सिद्धान्तको परिपालना गर्दै सहकारीमा सुशासन प्रवर्धन गर्नका लागि एकीकृत निर्देशन, २०७९ जारी गर्न अत्यावश्यक महशुस भएकोले सहकारी ऐन, २०७४ को दफा २३, २५(ज), ९५(५) एवं सहकारी नियमावली, २०७५ को नियम ७२ (३) र ७६ (झ) बमोजिम सहकारी विभागको मिति २०७९।०२।१२ निर्णयानुसार संलग्न एकीकृत निर्देशन जारी गरिएको छ ।

सहकारी ऐन, नियममा भएका व्यवस्थाको अतिरिक्त संलग्न एकीकृत निर्देशनको परिपालना गर्नु, गराउनु हुन अनुरोध छ । अन्यथा सहकारी ऐन, २०७४ को दफा १२४, दफा १२५, दफा १२७ र प्रचलित कानून वमोजिम कारबाही हुने व्यहोरासमेत जानकारीका लागि अनुरोध छ ।

२०७९।२।१२
(रुद्रप्रसाद पण्डित)
रजिष्ट्रार

बोधार्थ:
श्री भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, सिंहदरबार, काठमाडौं ।
श्री नेपाल राष्ट्र बैंक, बालुवाटार, काठमाडौं ।
श्री आन्तरिक राजश्व विभाग, लाजिम्पाट, काठमाडौं ।
श्री नेपाल चार्टर्ड एकाउन्टेन्ट संस्था, सातदोबाटो, ललितपुर ।

फोन. : ४४६५३६२, ४४६११७७
इमेल: sahakaribivag@gmail.com
वेभसाइट : www.deoc.gov.np

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
# सहकारी विभाग
नयाँ बानेश्वर, काठमाडौं

पत्र संख्या :- ०७८/७९
चलानी नं.:- ९३८६

पृष्ठभूमिः

सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागितामा राष्ट्रिय अर्थतन्त्रलाई सुदृढ तुल्याउन सहकारीका मूल्य, मान्यता र सिद्धान्त अनुरुप सहकारी संघसंस्थाको कामकारबाहीलाई जिम्मेवार, इमान्दार, अनुशासित, पारदर्शी एवं विधिसम्मत् तरिकाले सञ्चालन एवं व्यवस्थापन गरी सहकारी संघसंस्थामा सुशासन प्रवर्धन गर्न वाञ्छनीय भएकाले सहकारी ऐन, २०७४ को दफा २३, दफा २५ को खण्ड (ज) र दफा ९५(५) एवं सहकारी नियमावली, २०७५ को नियम ७२ (३) र नियम ७६ (१) (झ) बमोजिम सहकारी विभागको मिति २०७९।०२।१२ को निर्णयानुसार सहकारी संघसंस्थामा सुशासन प्रवर्द्धनको लागि एकीकृत निर्देशन, २०७९ जारी गरिएको छ।

(क) **संघसंस्था दर्ता गर्ने अधिकारी तथा सदस्यको जिम्मेवारीसम्वन्धी :**

(१) महानगरपालिका, उपमहानगरपालिकाको कुनै वडामा प्रत्येक पाँच हजार जनसंख्या, नगरपालिकामा प्रत्येक दुई हजार जनसंख्या र गाउँपालिकामा प्रत्येक पाँच सय जनसंख्यामा नबढ्ने गरी बचत तथा ऋणको मुख्य कारोबार गर्ने एक मात्र सहकारी संस्था दर्ता हुन सक्ने कानूनी व्यवस्था परिपालनाको सम्वन्धमा हाल सञ्चालनमा रहेका सहकारी संस्थाहरुले सेवा पुऱ्याइरहेको जनसंख्याको अनुपातको आधारमा उल्लिखित मापदण्डभन्दा वढी सहकारी संस्थाहरु स्थापना हुने भएमा त्यस्तो नयाँ संस्था दर्ता गर्ने कार्य कानूनसम्मत् नहुने हुँदा संस्था दर्ता गर्ने अधिकारीले दर्ता प्रक्रिया रोक्का राख्न सक्नेछ। संस्था दर्ता गर्ने अधिकारीले संस्था दर्ता गर्दा प्रचलित नीति, ऐन, नियमका साथै सदस्य बन्नका लागि कानूनले तोके बमोजिमका कागजात र विवरणहरु सूक्ष्म ढंगले अध्ययन गरी आवश्यक देखिएमा स्थलगत निरीक्षण गरी प्रकृया पूरा भएका संस्था मात्र दर्ता गर्ने। दर्ता प्रमाणपत्रमा संस्थाको नाम र प्रकृतिसमेत स्पष्ट खुल्ने गरी संस्था दर्ता प्रमाणपत्र जारी गर्ने।

(२) सहकारी संघसंस्थाको दर्ता तथा नियमनसम्बन्धी कार्यमा प्रत्यक्षरुपमा संलग्न निर्वाचित वा मनोनयन हुने सार्वजनिक पदमा वहाल रहेको पदाधिकारी वा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको कार्यालय वा निकायमा कार्यरत कर्मचारी सहकारी संस्थाको सञ्चालक समिति वा लेखा सुपरीवेक्षण समितिमा निर्वाचित वा मनोनीत हुन सक्ने छैन। उल्लिखित पदहरुमा बहाल रहेको भएमा तत्काल राजिनामा दिने। रिक्त पदका लागि आगामी साधारण सभामा उपनिर्वाचनको माध्यमवाट पदपूर्ति गर्ने व्यवस्था मिलाउने। साथै पेशागत आधारमा दर्ता भएका सहकारी संस्थामा सदस्यता प्राप्त गरेको अवस्थामा बाहेक लाभको पदमा कार्यरत कुनै पनि राष्ट्रसेवक सहकारी संघसंस्थाको सञ्चालकसमिति वा लेखा सुपरीवेक्षण समिति वा व्यवस्थापक वा कर्मचारी भई कामकाज नगर्ने।

(३) कुनै पनि व्यक्ति सहकारी संस्थाको सदस्य बन्नु पूर्व संस्थाको कार्यक्षेत्र, संस्थाको कार्यालय, सञ्चालक समिति, व्यवस्थापक, उपलव्ध सेवा, सदस्य भएपछि पालना गर्नुपर्ने शर्तहरु, आफ्नो भूमिका, जिम्मेवारी र वहन गर्नुपर्ने दायित्व जस्ता विषयमा आवश्यक सूचनासमेत बुझिसकेपछि संस्थाले प्रदान गर्ने सहकारी शिक्षा सम्वन्धी तालिम लिएर मात्र सदस्यता स्वरुप शेयर प्रमाण पत्र लिने। संस्थाले बोलाएको विस्तारित मञ्चको बैठक, सदस्य शिक्षा कार्यक्रम र साधारण सभामा सक्रिय रुपमा अनिवार्य सहभागिता जनाउने, नियमित बचत गर्ने लगायतका क्रियाकलापमा सहभागी हुने। सहकारी संस्थाको विषयमा यथार्थ नबुझी आफन्त, नातागोता वा बजार प्रतिनिधिको मात्र विश्वासमा परेर सदस्य बन्ने, बचत जम्मा गर्ने, ऋण लिने र धितो जमानत दिने लगायतका कार्य नगर्ने।

रजिष्ट्रार

फोन. : ४४६५३६२, ४४६११७७
इमेल: sahakaribivag@gmail.com
वेभसाइट : www.deoc.gov.np

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
# सहकारी विभाग
नयाँ बानेश्वर, काठमाडौं

पत्र संख्या :- ०७८/७९
चलानी नं :- ९३८६

**(ख) सदस्य केन्द्रीयतासम्बन्धी :**

(४) सहकारी संघसंस्थाहरुले सदस्य केन्द्रीयतामा आधारित रही सदस्यता सदैव खुल्ला राख्ने । कृत्रिम छेकवार खडा गरी सदस्यता प्राप्त गर्ने अधिकारको कुनै पनि कार्यहरु नगर्ने । संस्थावाट सेवा प्रदान गर्दा सदस्यले आफू सुरक्षित हुन्छु र मेरो हित विपरीतको कार्य हुने छैन भन्ने विश्वासको भावना वढाउन र सदस्यको अधिकारको संरक्षण हुने गरी कार्यशैली र व्यवहारलाई उच्च प्राथमिकता दिई कार्यान्वयन गर्ने । ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र महिला सदस्यहरुलाई उच्च प्राथमिकता दिई सेवाप्रवाह गर्ने । तदनुसारको सेवास्थलको विन्यास (Lay out) मा ध्यान दिने । संस्थाले सदस्यहरुलाई प्रदान गर्ने सेवाहरुमा लाग्ने सेवा शुल्क, व्याज, हर्जानासम्वन्धी प्रक्रियाका विषयहरु समावेश गरी संस्थाको वडापत्र जारी गर्ने । संस्थावाट उपलब्ध हुने सेवा, सेवाको प्रकार, सेवा प्राप्त गर्ने प्रक्रिया, सेवा प्राप्त गर्दा लाग्ने समय, जिम्मेवार शाखा वा कर्मचारी र सेवाका शर्तहरु समेत समावेश गरी वढीमा ३ महिनाभित्र वडापत्र, सूचना पाटी र संस्थाको वेभसाइटमा सार्वजनिक गर्ने ।

(५) सहकारी संघसंस्थाहरुले आफ्ना सदस्यहरुलाई वित्तीय साक्षरता र सामाजिक उत्तरदायित्वका कार्यक्रमहरु संचालन गर्ने, जोखिम सिर्जना नै हुन नदिन निरोधात्मक (Preventive) कार्यतर्फ केन्द्रित हुने । सदस्यको गुनासोको अभिलेखीकरण र सुनुवाईको प्रगति देखिने गरी अभिलेख राख्ने, सदस्यको सन्तुष्टि सर्भेक्षण गर्ने, गुनासो सुनुवाई संयन्त्र, गुनासो सुन्ने अधिकारी, गुनासो सुनुवाई प्रक्रियासमेत देखिने गरी संस्थाको गुनासो सुनुवाई कार्यविधि जारी गरी कार्यान्वयन गर्ने । सदस्यले सेवा प्राप्त गर्दा तेस्रो पक्षको संलग्नतालाई पूर्णतः निरुत्साहित गर्ने गरी कार्यप्रक्रिया व्यवस्थित गर्ने, संस्थाको आन्तरिक विवाद निरुपण गर्न आवश्यक कार्यविधि र संयन्त्रको विकास गरी लागू गर्ने । सदस्यहरुको व्यावसायिकता विकास कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने ।

**(ग) आन्तरिक नियन्त्रण प्रणालीसम्बन्धी :**

(६) सहकारी संघसस्थाहरुको सञ्चालक समिति, लेखा सुपरीवेक्षण समिति, उपसमितिका पदाधिकारी र व्यवस्थापकले संघसंस्थाको विनियममा निर्धारित आफ्नो अधिकार क्षेत्र बाहिर गई कामकारवाही नगर्ने/नगराउने र त्यसरी गरेको काम कारवाही उपर निजहरुलाई नै व्यक्तिगत रुपमा उत्तरदायी वनाउने । समितिका सदस्यहरु एकै अवधिमा एकै प्रकृतिको समानस्तरको अर्को सहकारी संघसंस्थाको कर्मचारी वा कुनै समितिमा संलग्न हुन नपाउने गरी सदस्य, समिति, उपसमिति र कर्मचारीहरुको लागि आचार संहिता तयार गरी पालना गर्ने, गराउने ।

(७) सहकारी संस्थामा आन्तरिक नियन्त्रण प्रणालीलाई सुदृढ गर्न लेखा सुपरीवेक्षण समिति सक्रिय रहने । समितिले संस्थाको आन्तरिक लेखा परीक्षण गर्ने गराउने, आर्थिक कारोवारको नियमित निरीक्षण तथा मूल्याङ्कन गर्ने, सञ्चालक समितिको कामकारवाहीको सुपरीवेक्षण गर्ने, समितिलाई सुझावको रुपमा चौमासिक प्रतिवेदन पेश गर्ने । त्यसैगरी वार्षिक प्रतिवेदन साधारण सभामा पेश गर्ने, साधारण सभाको निर्देशन, निर्णय र सञ्चालक समितिको निर्णयहरु कार्यान्वयन गराउन जोड दिने जस्ता कार्यमा लेखा सुपरीवेक्षण समितिले सक्रिय रुपमा भूमिका निर्वाह गर्ने ।

**(घ) सञ्चालन र व्यवस्थापनसम्वन्धी :**

(८) सहकारी संस्थाले काउन्टरमा रहेको नगद र ढुकुटी (भल्ट) को अनिवार्य विमा गर्ने । कुनै कर्मचारी वा पदाधिकारीको नियत वा लापरवाहीका कारणले नगदको हिनामिना, हानी नोक्सानी, चोरी, लुटपाट

रजिष्ट्रार

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
सहकारी विभाग
नयाँ बानेश्वर, काठमाडौं

फोन. : ४४६५३६२, ४४६११७७
इमेल: sahakaribivag@gmail.com
वेभसाइट : www.deoc.gov.np

पत्र संख्या :- ०७८/७९
चलानी नं.: ९३८६

जस्ता कार्य भएको पाइएमा सम्वन्धित व्यक्तिलाई जिम्मेवार बनाई प्रचलित कानून बमोजिम कारवाहीको प्रकिया अगाडि बढाउने ।

(९) सहकारी संघसंस्थाहरुले टिकटक, भाइवर, फेसबुक जस्ता सामाजिक संजाल, विद्युतीय तथा छापा माध्यम प्रयोग गरी संस्थागत सूचना संप्रेषण गर्ने बाहेक कुनै चिठ्ठा, उपहार, बढी व्याज लगायतका प्रलोभनजन्य कार्य गरी सदस्य बनाउने, बचत सकंलन गर्ने तथा ऋण उपलव्ध गराउने गरी विज्ञापन वा प्रचारप्रसार नगर्ने । संस्थाले कमिसन एजेन्ट राखी वा कसैलाई कमिसन बापत कुनै किसिमको पारिश्रमिक दिएर शेयर, बचत वा अन्य कुनै प्रकारको रकम संकलन नगर्ने, नगराउने ।

(१०) सञ्चालकसमिति, लेखा सुपरीवेक्षण समितिका पदाधिकारी, उपसमितिका पदाधिकारी, सल्लाहकार तथा कर्मचारीहरुवाट लिने ऋणको व्याज कम र सदस्यवाट लिने ऋणको व्याज बढी नगर्ने । त्यसैगरी उल्लिखित पदाधिकारीलाई वितरण गर्ने लाभांशको प्रतिशत बढी र सदस्यलाई वितरण गर्ने लाभांशको प्रतिशत कम हुने गरी विभेदजन्य कार्य नगर्ने । त्यस्तो कार्य गरेको पाइएमा कम तिरेको व्याज र बढी लिएको लाभांश बापतको रकममा संस्थाले लिने गरेको अधिकतम व्याजसमेत जोडी संघसंस्थाको जगेडा कोषमा दाखिला गर्ने । तर साधारण सभावाट पारित कार्यविधिको अधिनमा रही संघसंस्थामा कार्यरत कर्मचारीहरुलाई दिइने सुविधामा सहुलियतपूर्ण व्याजदर कायम गर्न यो व्यवस्थाले वाधा पुऱ्याएको मानिने छैन ।

(११) सहकारी संघसंस्थाहरुले अधिकार प्राप्त अधिकारीको लिखित स्वीकृति नलिई प्रदेश कार्यालय, शाखा कार्यालय, उपशाखा कार्यालय, फिल्ड कार्यालय, सदस्य सेवा केन्द्र/कार्यालय, विक्री केन्द्र/कार्यालय आदि खोल्ने, स्थानान्तरण गर्ने लगायतका कार्य गरी सदस्य बनाई शेयर तथा बचत संकलन गर्ने, ऋण लगानी गर्ने/गराउने कार्य नगर्ने । उपयुक्त कार्यहरु सहकारीजन्य ठगीको कसुर मानी प्रचलित कानून बमोजिम कारवाही हुने हुँदा यस्ता कार्यहरु नगर्ने, नगराउने । स्वीकृति लिई सञ्चालन भएको अवस्थामा सो सम्वन्धी जानकारी सम्वन्धित संस्था रहेको प्रदेश र स्थानीय तहलाई समेत दिनुपर्नेछ ।

(१२) सहकारी संघसंस्थाहरुले ATM, QR Code, Mobile Banking लगायतका अन्य विद्युतीय प्रविधि प्रयोग गरी सेवाप्रवाह गर्दा संस्थाको विनियमको उद्देश्य तथा कार्यहरुमा समावेश गरी साधारण सभा र नियामक निकायवाट स्वीकृत गरेको हुनुपर्नेछ । विद्युतीय माध्यममार्फत उल्लिखित कारोवार गर्दा नेपाल राष्ट्र बैंकले तोकेका मापदण्ड समेत पूरा गर्ने । सदस्यहरुलाई यस्ताप्रकारका सेवाप्रवाह गर्दा लाग्ने न्यूनतम सेवा शुल्क सञ्चालक समितिले स्वीकृत गरे अनुसारको मात्र लिने गरी सेवा सञ्चालन गर्ने । यसरी सेवाप्रवाह गर्ने संघसंस्था र सो सेवा प्रदायकबीच भएको सम्झौताको प्रति नियामक निकायमा सम्झौता भएको मितिले १ (एक) महिना भित्र पेश गर्ने ।

**(ङ) समिति/उपसमिति तथा साधारण सभासम्बन्धी :**

(१३) सहकारी संघसंस्थाहरुको जोखिम व्यवस्थापनलाई प्रभावकारी वनाउन ऋण लगानी उपसमितिले जोखिमको विश्लेषण गरी सोको प्रतिवेदन सञ्चालक समितिमा पेश गर्ने । सञ्चालक समितिले उक्त प्रतिवेदन र नियामक निकायवाट प्राप्त निरीक्षण तथा अनुगमनको प्रतिवेदनलाई साधारण सभामा अनिवार्य छलफलको विषय वनाउने ।

(१४) सहकारी संघसस्थाहरुले कार्यालय भवन, जग्गा, गोदाम, शित भण्डार लगायतका अचल सम्पत्ति खरिद गर्नुपर्ने भएमा साधारण सभावाट निर्णय गराई सदस्यको वचत रकम बाहेक जगेडा कोष र शेयर पूँजीको रकमवाट मात्र खरिद गर्नुपर्ने । यसरी खरिद गर्दा अनिवार्य रुपमा प्राथमिक पूँजीकोषको

रजिष्ट्रार

फोनं. : ४४६५३६२, ४४६११७७
इमेल: sahakaribivag@gmail.com
वेबसाइट : www.deoc.gov.np

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
# सहकारी विभाग
नयाँ बानेश्वर, काठमाडौं

पत्र संख्या :- ०७८/७९
चलानी नं.:- १३८८

विश्लेषण गरी प्राथमिक पुँजी कोष र कुल बचत दायित्वको निर्धारित सीमाभित्र रही खरिद गर्नुपर्ने । यस्तो खरिद गर्दा तत्काल कायम रहेको जगेडा कोषको पचास प्रतिशतभन्दा बढी खर्च नगर्ने ।

(१५) साधारण सभाको अधिकार क्षेत्रभित्र पर्ने सदस्यको दायित्व मिनाहा गर्ने विषय, सञ्चालक समितिको भत्ता निर्धारणको विषय, कोषको बाँडफाँड एवं लाभांश वितरणको विषय, लेखापरीक्षक नियुक्ति र पारिश्रमिक तोक्ने विषय तथा व्यवस्थापकको पारिश्रमिक तथा सुविधा तोक्ने विषय, संस्थाले लिने ऋण दायित्वको अधिकतम सीमा तोक्ने विषय, संस्था एकीकरण, विघटन तथा विभाजन गर्ने विषय, स्थिर सम्पत्ति खरिदको विषय र कुनै खास काम स्पष्ट तोकि सञ्चालक समितिलाई अधिकार प्रत्यायोजन गर्ने विषय लगायतका अधिकार संस्थाको साधारण सभाले मात्र प्रयोग गर्ने । त्यस्तो साधारण सभाको अधिकार सञ्चालक समितिले प्रयोग गरेको पाइएमा सो बमोजिम छुट/मिनाहा दिएको रकम, पारिश्रमिक तथा भत्ता बापतको खर्चको रकम र ऋण लिएको निर्णयमा संलग्न रहने सञ्चालक समिति र व्यवस्थापकवाट दामासाहीले असुलउपर गरी जगेडा कोषमा जम्मा गर्ने ।

(१६) एकै संस्थामा एकै अवधिमा एकै परिवारको एकभन्दा वढी व्यक्ति सञ्चालक तथा लेखा सुपरीवेक्षण समितिको पदमा नरहने । संस्थाको लेखा सुपरीवेक्षण समितिका पदाधिकारीहरुको निर्वाचन गर्दा सहकारी सम्बन्धी तालिम र अनुभव भएको सदस्यलाई प्राथमिकता दिई साधारण सभावाट निर्वाचित गर्ने व्यवस्था मिलाउने । सञ्चालक समितिका सदस्य, लेखा सुपरीवेक्षण समिति र अन्य उपसमितिहरुमा रहने सदस्यहरुले निर्वाचन भएको तीन महिना भित्र सहकारी सम्वन्धी तालिम लिनुपर्नेछ ।

(१७) साधारण सभा तीस दिनको म्याद राखी प्रस्तावसहित आह्वान गर्ने । साधारण सभाको सार्वजनिक सूचना जारी हुँदाका वखत कायम सदस्यहरुले मात्र निर्वाचन प्रयोजनार्थ आफ्नो मताधिकार प्रयोग गर्न सक्नेछन् । निर्वाचन हुने साधारण सभाको सूचना जारी भई सकेपछि साधारण सभा सम्पन्न नहुँदासम्मको अवधिमा सदस्यताका लागि प्राप्त हुने आवेदन उपर निर्वाचनको कार्यसम्पन्न भएपछि मात्र निर्णय गरी सदस्यता प्रदान गर्ने । प्रारम्भिक सहकारी संस्थाहरुले प्रत्येक वर्ष पौष महिनाभित्र साधारण सभा सम्पन्न गरी नियामक निकायमा सोको प्रतिवेदन बुझाउने । समयमै सम्पन्न गर्न नसक्ने मनासिव माफिकको कारण भएमा नियामक निकायको पूर्वस्वीकृति लिई सम्पन्न गर्ने ।

**(च) बचत तथा ऋण परिचालन र कोष बाँडफाँड सम्वन्धी :**

(१८) सहकारी संघसंस्थाले स्वीकृत विनियममा उल्लेख भएको शेयर पूँजीभन्दा वढी शेयर रकम संकलन नगर्ने । संस्थाको तत्काल कायम रहेको कुल पूँजी कोषको अधिकतम १० (दश) प्रतिशतमा नवढ्ने गरी प्रति सदस्य ऋण प्रवाह गर्ने, गराउने । यस प्रयोजनका लागि कुल पूँजी कोष भन्नाले शेयर पूँजी, जगेडा कोष, अन्य कोष र असल ऋण नोक्सानी व्यवस्था (LLP) को कुल योगलाई सम्झनु पर्नेछ । सहकारी वैकंको हकमा नेपाल राष्ट्र वैकंले तोके वमोजिमको मापदण्डसमेत पूरा गर्नुपर्नेछ ।

(१९) आफ्नै वा मानो नछुट्टिएको एकाघर परिवारको मञ्जुरीना लिएर बाहेक संस्थाहरुले आफ्ना सदस्यहरुलाई तेस्रो पक्ष धितो (Third Party Collateral) राखी ऋण प्रवाह गर्ने कार्य नगर्ने, नगराउने । तर सहकारी संघ र सहकारी वैकंको हकमा यो व्यवस्था लागु हुने छैन ।

(२०) सहकारी संघसंस्थाहरुको निष्क्रिय कर्जा (Non Performing Loan) कुल ऋणको ५% भन्दा कम कायम गर्ने । साथै सहकारी संघ तथा प्रारम्भिक संस्थाले तोकिए वमोजिम असल ऋणमा १%, १२ महिनासम्मको भाखा नाघेको ऋणमा ३५% र १२ महिनाभन्दा वढी भाखा नाघेको ऋणमा १००% ऋण

रजिष्ट्रार

फोन. : ४४६५३६२, ४४६११७७
इमेल: sahakaribivag@gmail.com
वेभसाइट : www.deoc.gov.np



पत्र संख्या :- ०७८/७९
चलानी नं.:- १३४८

हानी व्यवस्था (Loan Loss Provision) गर्ने । उल्लिखित व्यवस्था नगरी शेयर लाभांश वितरण गरेमा यसरी वितरण गरिएको लाभांश सञ्चालक समिति र व्यवस्थापकवाट दामासाहीले असुल उपर गरी जगेडा कोषमा जम्मा गर्ने । सहकारी वैकंको हकमा नेपाल राष्ट्र बैकंले तोके बमोजिमको मापदण्ड समेत पूरा गर्नुपर्नेछ ।

(२१) सहकारी संघसंस्थाहरुले नकमाउने सम्पत्ति (Non Performing Assets) (घरजग्गा, उपकरण, कार्यालय सामान, नगद, पेश्की, चल्ती खाता लगायत) कुल सम्पत्तिको ५% भन्दा कम कायम राख्ने । प्रचलित कानूनबमोजिम लिलाम प्रकृयाबाट सकार भई आएको गैर वैंकिङ्ग सम्पत्तिको कारणले अनुपात बढ्न गएमा दुईवर्ष भित्र त्यस्तो सम्पत्तिलाई तरलतामा रुपान्तरण गर्ने ।

(२२) संघसंस्थाले वचत परिचालन गर्दा सवै वचतहरुमा निर्धारण गरे वमोजिम व्याज दिने । एकै प्रकृतिको खातामा एकै समयमा विभिन्न सदस्यहरुबाट संकलित वचतको व्याजदरमा फरक पर्ने गरी व्याज प्रदान नगर्ने । त्यसैगरी सदस्यलाई एउटै शीर्षकवाट एकै अवधिमा ऋण लगानी गर्दा फरक व्याजदर कायम नगर्ने ।

(२३) संस्थाका सञ्चालक समिति र लेखा सुपरीवेक्षण समितिका कुल ४९% भन्दा वढी पदाधिकारीहरुले एकैपटक संस्थाबाट ऋण नलिने । तर संस्थाको पछिल्लो तीन महिनाको औषत तरलता गणना गर्दा २५% भन्दा वढी तरलता कायम भएको अवस्थामा सञ्चालक समितिले विशेष निर्णय गरी कुल ६७% पदाधिकारीहरुसम्मले अल्पकालीन अवधिका लागि ऋण लिन सक्नेछन् । सञ्चालक समिति तथा लेखा सुपरीवेक्षण समितिका सदस्यलाई प्रवाह गरेको ऋण र धितोको विवरण नियामक निकायमा मासिक रुपमा पठाउने ।

(२४) सहकारी संघसंस्थाहरुले अचल सम्पत्ति विक्री तथा अन्य लगानी लगायतका पूँजीगत सम्पत्तिको विक्रीबाट भएको पूँजीगत नाफालाई जगेडा कोषमा नराखी सम्वन्धित आ.व.को नाफामा समावेश गरी वितरण/खर्च गरेको पाइएमा सञ्चालक समिति र खाता संचालन गर्ने अधिकारीवाट दामासाहीले असुल उपर गरी संस्थाको जगेडा कोषमा जम्मा गर्ने ।

(२५) सहकारी संघसंस्थाहरुले आफ्ना सदस्यलाई ऋण लगानी गर्दा शेयर संख्या, वचत कारोवार र धितो समेतको मूल्यांकनको आधारमा तिर्न सक्ने क्षमता (Ability to pay) लाई अधिक प्राथमिकतामा राखी सो सम्वद्ध पक्षहरुको विश्लेषणलाई उच्च प्राथमिकता दिने, ऋण सम्वन्धी पूर्ण सूचना दिने । संभावित जोखिमहरुको बारेमा पर्याप्त जानकारी दिने । उत्पादनमूलक कार्यमा लगानी गर्दा व्यावसायिक योजना (Business Plan) अनिवार्य रुपमा संलग्न राख्ने । ऋण जारी भएपछि तोकिएको उद्देश्य वा प्रयोजनमा लगानी र प्रतिफल प्राप्त भए नभएको विषयमा निरन्तर निगरानी र अनुगमन गर्ने । उक्त प्रतिवेदन सञ्चालक समितिमा छलफल गर्ने व्यवस्था मिलाउने ।

(२६) सहकारी ऐन तथा नियमावलीमा व्यवस्था भए बमोजिमका कोषहरु खडा गर्ने । सम्वन्धित कोषमा छुट्याइएको रकम तत् तत् कोषको उद्देश्य पूरा गर्न खर्च गर्ने । कृत्रिम रुपमा नाफा देखाई कुनै प्रकारको लाभांश वितरण नगर्ने । शिक्षा कोष र संस्था विकास कोषबाट गर्नुपर्ने कतिपय खर्चहरु सम्वन्धित कोषबाट नगरी वार्षिक कार्यक्रम तथा वजेटमा सिधै व्यवस्था गरी खर्च लेखाङ्न गर्दा संस्थाको मुनाफा (खुद वचत) मा चाप सिर्जना हुने देखिन्छ । यसवाट नेपाल सरकारलाई तिर्नु, वुझाउनु पर्ने कर दायित्व कम हुन सक्ने देखिएको हुँदा यस्ता कार्य नगर्ने, नगराउने । उक्त कोषमा छुट्याइएको रकम सम्वन्धित आर्थिक वर्षमा नपुग हुने अवस्था सिर्जना भएमा मात्र वार्षिक वजेट तथा कार्यक्रममा समावेश गरी खर्च गर्न सक्ने ।

रजिष्ट्रार

फोनं. : ४४६५३६२, ४४६११७७
इमेल: sahakaribivag@gmail.com
वेभसाइट : www.deoc.gov.np



पत्र संख्या :- ०७८/७९
चलानी नं.: २३८६

(२७) वित्तिय कारोबार गर्ने संघसंस्थाहरुले PEARLS Monitoring System लाई पालना गरी संस्थाको वित्तीय संरचनालाई PEARLS का मानकले तोकेको सूचक भित्र राख्ने साथै सदस्य केन्द्रीयता सूचकांक (MCI) का सूचकहरुको पूर्ण परिपालना गर्ने ।

**(छ) तरलता व्यवस्थापन तथा आर्थिक स्रोत** परिचालनसम्बन्धी :

(२८) सहकारी संघसंस्थाहरुले सबै समयमा तरलता (Liquidity) कम्तीमा कुल बचतको १०-१५% कायम राख्ने । १०% भन्दा कम तरलता रहेको अवस्थामा व्यवस्थापकले सञ्चालक समितिलाई जानकारी गराउने । तरलता व्यवस्थापनमा सञ्चालक समिति जिम्मेवार रहने । सहकारी संघसंस्थाहरुले साप्ताहिक रुपमा तरलताको गणना गर्ने । लेखा सुपरीवेक्षण समितिको चौमासिक प्रतिवेदनमा सो विषय समावेश गरी सञ्चालक समितिमा पेश गर्ने । तोकिए वमोजिमको तरलता व्यवस्था नगरी संस्थाले लाभांश वितरण नगर्ने । लाभांश वितरण गरेमा सञ्चालक समिति र व्यवस्थापकवाट दामासाहीले असुल उपर गरी संस्थाको जगेडा कोषमा दाखिला गर्ने ।

(२९) महासंघ, संघहरु एवं सहकारी बैंकले ऋण लगानीलाई अधिकतम उत्पादनमुखी, स्थानीय स्रोत साधनहरुको प्रभावकारी परिचालन, व्यावसायिकताको विकास, वातावरण संरक्षण, रोजगारी सिर्जना आदिमार्फत गरिवी न्यूनीकरणतर्फ उच्च प्राथमिकता दिनुपर्ने । संस्थाको स्वीकृत विनियमको उद्देश्य र कार्य विपरीत व्यापार मात्र गर्ने उद्देश्यले कुनै पनि मालसामान तथा अचल सम्पत्ति खरिद नगर्ने ।

(३०) सहकारी संघ संस्थाहरुले जलविद्युत आयोजना, अस्पताल, विद्यालय, क्याम्पस, होटल व्यवसाय, पेट्रोल पम्प लगायतका परियोजनाहरु संचालन गर्ने उद्देश्य तथा कार्यहरु विनियममा समावेश नगरी कुनै पनि परियोजनामा लगानी नगर्ने । परियोजना सञ्चालन गर्ने गरी विनियम स्वीकृत गरेका संघसंस्थाहरुले यस्ता परियोजनामा गरेको लगानी संस्थाको पूर्ण स्वामित्व कायम हुने गरी मात्र गर्नुपर्ने । संस्थाले सदस्यको वचत रकम परिचालन गरी परियोजनामा लगानी नगर्ने । यस्ता परियोजनामा प्रवाह हुने वाह्य ऋण कुल सम्पत्तिको ५% मा नबढ्ने गरी गर्ने । आन्तरिक कोष परिचालन गरी परियोजनामा लगानी गरेको अवस्थामा पूँजी कोषको सीमा कायम गर्ने । माथि उल्लिखित व्यवस्थामा अन्यथा भएमा सञ्चालक समिति तथा खाता सञ्चालन गर्ने अधिकारीको समेत जिम्मेवारी हुने हुँदा लगानी गरिएको उक्त रकममा तत्कालको अधिकतम व्याजदर समेत जोडी दामासाहीले असुल उपर गरी संस्थाको खातामा जम्मा गर्ने । नेपाल सरकारको स्वीकृतिमा वाह्य मुलुकबाट ऋण लिने संघसंस्था वा विशिष्टकृत सहकारी संघ वा दुई वा दुई भन्दा बढी संघसंस्थाले अन्तर सहकारी सहयोगको भावनाले संयुक्त वा साझेदारीमा आफ्नो उत्पादन र सेवाको वजारीकरण गर्दा ५% को सीमासम्वन्धी व्यवस्था लागू हुने छैन ।

(३१) सहकारी संघसंस्थाहरुले एक लाख रुपैयाँ भन्दा बढीको ऋण लगानी गर्दा सामूहिक जमानी वा व्यक्तिगत धन जमानी वा धितो लिएर मात्र गर्ने । ऋणको क्षेत्रगत वर्गीकरण गर्ने । प्रवाह भएको कुल ऋणको कम्तीमा ५१ प्रतिशत ऋण उत्पादन तथा आयमूलक व्यावसायमा लगानी गर्ने । विभागले तोकेको सन्दर्भ व्याजदर अनुसार व्याजदर कायम गर्ने । महामारी वा विपद घोषणाको समयमा बाहेक ऋणको पुर्नतालिकीकरण र पुर्नसंरचना नगर्ने ।

**(ज) कर्मचारी व्यवस्थापनसम्बन्धी :**

(३२) सहकारी संघसंस्थाहरुले आफ्नो कार्यवोझ विश्लेषणको आधारमा साधारण सभावाट वार्षिक नीति तथा कार्यक्रम र वजेटमा कर्मचारीको दरवन्दी र कर्मचारी सम्वन्धी कार्यविधि स्वीकृत गरी कर्मचारी

रजिष्ट्रार

फोन. : ४४६५३६२, ४४६११७७
इमेल: sahakaribivag@gmail.com
वेबसाइट : www.deoc.gov.np



पत्र संख्या :- ०७८/७९
चलानी नं.: १३८६

पदपूर्तिको व्यवस्था मिलाउने । स्वीकृत दरवन्दीभन्दा वढी कर्मचारी भर्ना गरी तलव भत्ता भुक्तानी गरेको पाइएमा त्यसरी भुक्तानी गरेको सम्पूर्ण रकम सञ्चालक समिति र व्यवस्थापकवाट दामासाहीले असुलउपर गरी संस्थाको खातामा दाखिला गर्ने । संस्थाका कुनै पनि कर्मचारीलाई श्रम ऐनले निर्धारण गरेको न्यूनतम पारिश्रमिकमा नघट्ने गरी मासिक पारिश्रमिक अनिवार्य रुपमा उपलव्ध गराउने ।

**(झ) अभिलेख व्यवस्थापन तथा लेखा परीक्षणसम्वन्धी :**

(३३) सहकारी संघसंस्थाहरुले वित्तीय कारोवार लगायत संघसंस्थासँग सम्वन्धित गतिविधिहरुको विवरण सहकारी तथा गरिवी सम्वन्धी व्यवस्थापन सूचना प्रणाली (www.copomis.gov.np) मा आवद्ध भई सो प्रणालीमा अद्यावधिक विवरणहरु अनिवार्य रुपमा प्रविष्ट गर्ने । संस्थाका मासिक, वार्षिक विवरण, सदस्यको विवरण, सम्पत्ति शुद्धीकरण निवारण लगायत साधारण सभा, लेखा परीक्षणसम्वन्धी अन्य प्रतिवेदनहरु सोही प्रणालीमार्फत प्रेषित गर्ने ।

(३४) सहकारी संघसंस्थाहरुले नेपाल सरकारवाट जारी गरेको लेखामान अनुरुप लेखा अभिलेख राख्ने । सहकारी विभागवाट सफ्टवेयरको न्यूनतम मापदण्ड लागू भएपछि सोही वमोजिम हुने गरी हाललाई सञ्चालक समितिवाट निर्णय गराई गुणस्तरीय र सुरक्षित सफ्टवेयरको प्रयोग गर्ने ।

(३५) सहकारी संघसंस्थाहरुले अन्तिम वा वाह्य लेखापरीक्षण गराउँदा राष्ट्रिय लेखामान अनुरुप लेखा राखे नराखेको, सहकारी ऐन नियम र यस निर्देशनको परिपालना भए नभएको, सम्पत्ति शुद्धीकरण निवारण कानून तथा निर्देशनको पालना भए नभएको, सहकारीका मानक अनुरुप लेखा परीक्षण प्रतिवेदनमा लेखा परीक्षकको विशेष टिप्पणीसहितको लङ्गफर्म समेत समावेश गर्ने ।

**(ञ) खारेजी तथा वचाउ सम्वन्धी :**

(१) सहकारी विभागवाट मिति २०७८।११।०१ मा सहकारी संघसंस्थालाई जारी एकीकृत निर्देशन खारेज गरिएकोछ ।

(२) सहकारी विभागवाट यस अघि जारी भएका परिपत्र अनुसार भए गरेका कार्यहरु यसै वमोजिम भए गरेको मानिनेछ ।

२०६५/१२/१२

(रुद्रप्रसाद पण्डित)
रजिष्ट्रार